# <u>निर्वाचन तालीम निर्देशिका, २०७९</u>

**<u>निर्वाचन आयोगबाट स्वीकृत मिति</u>**

**२०७९/०५/२३**

**<u>प्रस्तावना</u>:** निर्वाचनमा परिचालन गरिने जनशक्तिको क्षमता विकास गरी स्वच्छ, स्वतन्त्र, विश्वसनीय, मर्यादित र भयमुक्त वातावरणमा निर्वाचन सम्पन्न गर्न आवश्यक भएकोले,

निर्वाचन आयोग ऐन, २०७३ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u> :** (१) यस निर्देशिकाको नाम "निर्वाचन तालीम निर्देशिका, २०७९" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u> :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "आयुक्त" भन्नाले आयोगको निर्वाचन आयुक्त सम्झनु पर्छ र सो शब्दले प्रमुख निर्वाचन आयुक्तलाई समेत जनाउँछ ।

(ख) "आयोग" भन्नाले नेपालको संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(ग) "जिल्लास्तरीय निर्वाचन तालीम व्यवस्थापन समिति" भन्नाले दफा ९ बमोजिमको जिल्लास्तरी निर्वाचन तालीम व्यवस्थापन समिति सम्झनु पर्छ ।

(घ) "तालीम" भन्नाले निर्वाचनसँग सम्बन्धित दफा ३ बमोजिम सञ्चालन गरिने तालीम सम्झनु पर्छ ।

(ङ) "निर्वाचन" भन्नाले संविधान तथा सङ्घीय कानून बमोजिम हुने राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसदका सदस्य, प्रदेश सभाका सदस्य तथा स्थानीय तहका सदस्यको निर्वाचन सम्झनु पर्छ र सो शब्दले उपनिर्वाचनलाई समेत जनाउँछ ।

(च) "निर्वाचन कार्यालय" भन्नाले प्रदेश निर्वाचन कार्यालय वा जिल्ला निर्वाचन कार्यालय सम्झनु पर्छ ।

(छ) "निर्वाचन तालीम निर्देशक समिति" भन्नाले दफा ५ बमोजिमको निर्वाचन तालीम निर्देशक समिति सम्झनु पर्छ ।

(ज) "निर्वाचन तालीम सञ्चालन तथा व्यवस्थापन समिति" भन्नाले दफा ७ बमोजिमको निर्वाचन तालीम सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ ।

## परिच्छेद-२
## <u>तालीम कार्यक्रम तथा तालीम सामग्री</u>

३. **<u>तालीम सञ्चालन गर्न सक्ने</u> :** (१) आयोगले आवश्यकता अनुसार केन्द्र, प्रदेश, जिल्ला तथा स्थानीयस्तरमा निर्वाचनसँग सम्बन्धित विभिन्न विषयगत तालीम सञ्चालन गर्न सक्नेछ । निर्वाचनसँग सम्बन्धित विभिन्न विषयगत तालीम अनलाइन माध्यमबाट समेत सञ्चालन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम सञ्चालन गरिने विषयगत तालीम र सोमा समावेश गरिने विषयवस्तु अनुसूची-१ बमोजिम हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा उल्लेख भए तापनि आयोगले आवश्यक ठानेमा अन्य तालीमहरु समेत सञ्चालन गर्न सक्नेछ ।

४. **<u>तालीम सामग्री</u>** : (१) दफा ३ बमोजिम सञ्चालन गरिने तालिमसम्बन्धी विषयवस्तु समेटी आयोगले तालीमको स्रोत पुस्तिका तयार गर्नेछ ।

(२) तालीम सामग्रीको तयारीका लागि नेपालको संविधान, निर्वाचन सम्बन्धी कानून, अन्तर्राष्ट्रिय अनुभव, आयोगले बनाएका निर्देशिका, आयोगको निर्देशन, आदेश र निर्णयहरू मुख्य मार्गदर्शनको रुपमा रहने छन् ।

(३) उपदफा (२) मा उल्लेख भएका सामग्रीका अतिरिक्त निर्वाचन सम्बन्धी सर्वमान्य सिद्धान्त, नवीनतम तालीम तथा सिकाइ पद्धति, विगतका निर्वाचनको अनुभव, विगतमा आयोगले तयार गरेका तालीम स्रोत पुस्तिका तथा प्रशिक्षण पुस्तिका समेतलाई सामग्री निर्माणका लागि आधारको रुपमा लिनु पर्नेछ । निर्वाचन तालीम सञ्चालन गर्दा अनुसूची -२ मा उल्लिखित नवीनतम तालीम तथा सिकाइ पद्धति यथासम्भव अवलम्बन गरिनेछ ।

(४) यस दफा बमोजिम तयार गरिएको तालिम सामग्री आयोगले तोके बमोजिम उत्पादन गरिनेछ ।

## परिच्छेद-३
## संरचनात्मक व्यवस्था

५. **निर्वाचन तालीम निर्देशक समिति :** (१) तालीम कार्यक्रमको योजना तर्जुमा, निर्देशन, सुपरिवेक्षण, समन्वय, अनुगमन तथा मूल्याङ्कनका लागि आयोगमा देहाय बमोजिमको निर्वाचन तालीम निर्देशक समिति रहनेछ :-

| | |
|---|---|
| (क) आयुक्त (तालीमसँग सम्बन्धित) | - संयोजक |
| (ख) सचिव, आयोग | - सदस्य |
| (ग) सहसचिव, प्रशासन महाशाखा, आयोग | - सदस्य |
| (घ) सहसचिव, कानून तथा राजनीतिक दल व्यवस्थापन महाशाखा, आयोग | - सदस्य |
| (ङ) सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | - सदस्य |
| (च) प्रशिक्षक (निर्देशक), नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | - सदस्य |
| (छ) सहसचिव, निर्वाचन व्यवस्थापन महाशाखा, आयोग | - सदस्य-सचिव |

(२) निर्वाचन तालिम निर्देशक समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) निर्वाचन तालिम निर्देशक समितिको बैठकमा आयोगका पदाधिकारी, सम्बन्धित अधिकृत कर्मचारी वा विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) निर्वाचन तालिम निर्देशक समितिको बैठक तथा निर्णय सम्बन्धी अन्य व्यवस्था सोही समितिले निर्धारण गरे बमोजिम छ ।

६. **निर्वाचन तालिम निर्देशक समितिको काम, कर्तव्य र अधिकार:** निर्वाचन तालीम निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) तालीम सञ्चालन नीति, मार्गदर्शन, मापदण्ड र अन्य आवश्यक कुरा निर्धारण गरी स्वीकृतिको लागि आयोगमा सिफारिस गर्ने,
(ख) प्रस्तावित तालीम कार्यक्रममा छलफल गरी आयोगबाट स्वीकृत हुनुपर्ने कार्यक्रमको हकमा स्वीकृतिको लागि सिफारिस गर्ने र अन्यको लागि आवश्यक निर्देशन दिने,
(ग) तालीम कार्यक्रम सञ्चालनका लागि तयार भएका स्रोत पुस्तिका लगायतका सामग्री उपर छलफल गरी आयोगमा पेश गर्ने,
(घ) निर्वाचन अधिकृतलाई दिइने निर्वाचन सञ्चालन तथा व्यवस्थापन तालीमका स्रोत व्यक्ति छनोट गर्ने,
(ङ) कर्मचारीको क्षमता विकास तथा निर्वाचन व्यवस्थापन सम्बन्धी तालीम कार्यक्रम सञ्चालनको लागि समन्वय गर्ने र कार्यक्रम कार्यान्वयनको लागि आवश्यक निर्देशन दिने,
(च) आयोगले तोकेका अन्य कार्य गर्ने ।

७. **निर्वाचन तालीम सञ्चालन तथा व्यवस्थापन समिति :** (१) निर्वाचन तालीम कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्नको लागि देहायको निर्वाचन तालीम सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ :-

(क) सहसचिव, निर्वाचन व्यवस्थापन महाशाखा, आयोग -संयोजक
(ख) शाखा प्रमुख, योजना, अनुगमन तथा वैदेशिक सम्बन्ध शाखा, आयोग -सदस्य
(ग) उपसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य
(घ) प्रशिक्षक (निर्देशक) नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान - सदस्य
(ङ) शाखा प्रमुख, ऐन नियम तथा फैसला कार्यान्वयन शाखा, आयोग -सदस्य
(च) शाखा प्रमुख, निर्वाचन शिक्षा तथा तालीम शाखा, आयोग - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञ तथा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) निर्वाचन तालिम सञ्चालन तथा व्यवस्थापन समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(४) निर्वाचन तालिम सञ्चालन तथा व्यवस्थापन समितिको बैठकमा आयोगका पदाधिकारी, सम्बन्धित अधिकृत कर्मचारी वा विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(५) निर्वाचन तालिम सञ्चालन तथा व्यवस्थापन समितिको बैठक तथा निर्णय सम्बन्धी अन्य व्यवस्था सोही समितिले निर्धारण गरे बमोजिम छ ।

८. **निर्वाचन तालीम सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:** निर्वाचन तालीम सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आयोग र निर्वाचन कार्यालयका कर्मचारीको क्षमता विकासको लागि आवश्यक पर्ने तालीमको पहिचान गर्ने,
(ख) तालीम कार्यक्रम प्रस्ताव गरी उच्चस्तरीय निर्वाचन तालीम समितिमा पेश गर्ने,
(ग) आयोगबाट स्वीकृत नीति तथा मापदण्ड अनुसार तालीम सञ्चालन तथा व्यवस्थापन गर्ने, गराउने,
(घ) आयोगबाट स्वीकृत कार्यक्रम बमोजिम तालीम सामग्रीको विकास र उत्पादन गरी वितरणको लागि आवश्यक व्यवस्था मिलाउने,
(ङ) निर्वाचन अधिकृतलाई दिइने निर्वाचन सञ्चालन तथा व्यवस्थापन तालीमका लागि स्रोत व्यक्ति र सहभागी छनोटका लागि तालीम समितिमा नामावली पेश गर्ने,
(च ) तालीमको अवधि तथा निर्वाचन अधिकृतको लागि सञ्चालन गरिने निर्वाचन सञ्चालन तथा व्यवस्थापन तालीम बाहेकका अन्य तालीमका लागि स्रोत व्यक्ति र सहभागी छनोट गर्ने,
(छ) तालीम प्राप्त जनशक्तिको सूची (रोष्टर) तयार गरी अद्यावधिक गर्ने,
(ज) तालीम कार्यक्रमको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन गरी उच्चस्तरीय निर्वाचन तालीम समितिमा प्रतिवेदन पेश गर्ने,
(झ) खण्ड (ज) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा आवश्यक सामग्री तथा सूचना विश्लेषण, प्रशोधन तथा भण्डारण गर्ने ।

९. **जिल्लास्तरीय निर्वाचन तालीम व्यवस्थापन समिति:** (१) जिल्ला स्तरमा निर्वाचन तालिम व्यवस्थापन तथा सञ्चालन गर्न देहाय वमोजिम जिल्लास्तरीय निर्वाचन तालीम व्यवस्थापन समिति गठन गर्न सकिनेछ :-

(क) प्रमुख जिल्ला अधिकारी - संयोजक
(ख) जिल्ला समन्वय अधिकारी - सदस्य
(ग) प्रमुख कोष तथा लेखा नियन्त्रक - सदस्य
(घ) प्रदेश/जिल्ला निर्वाचन अधिकारी - सदस्य सचिव

समितिको बैठकमा आवश्यकता अनुसार मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतहरुलाई विशेष आमन्त्रण गर्न सकिनेछ ।

१०. **जिल्लास्तरीय निर्वाचन तालीम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार** : जिल्लास्तरीय निर्वाचन तालीम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) जिल्लामा सञ्चालन हुने निर्वाचनसम्बन्धी तालीमको समन्वय गर्ने,
(ख) जिल्लास्तरीय तालीम कार्यक्रमको कार्य सञ्चालन तालिका स्वीकृत गर्ने,
(ग) आयोगको निर्देशानुसार जिल्लास्तरीय प्रशिक्षक एवम् प्रशिक्षार्थी व्यवस्थापन गर्ने,
(घ) जिल्लामा सञ्चालन हुने तालीम कार्यक्रमहरुको सञ्चालन, रेखदेख र समन्वय गर्ने,
(ङ) आयोगबाट प्राप्त तालीम सामग्रीको भण्डारण, ढुवानी र वितरण कार्यमा आवश्यक रेखदेख एवं समन्वय गर्ने,
(च) तालीम कार्यक्रमको अनुगमन र मूल्याङ्कन गरी निर्वाचन कार्यालय मार्फत आयोगमा प्रतिवेदन पठाउने ।

जिल्लास्तरीय निर्वाचन तालीम व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ । निर्वाचनको अवधिमा सो समितिका सदस्य तथा आमन्त्रित सदस्यहरुलाई बढीमा दुईवटा बैठकको नियमानुसार बैठक भत्ता प्रदान गरिनेछ ।

## परिच्छेद-४

## प्रशिक्षक छनोटका आधार तथा प्रक्रिया

११. **मुख्य प्रशिक्षक छनोट गर्ने आधारः** मुख्य प्रशिक्षक छनोट गर्दा देहायको कुनै योग्यता भएका मध्येबाट छनोट गर्न सकिनेछ :-

(क) नेपाल सरकारको कम्तिमा राजपत्राङ्कित प्रथम श्रेणीको पदमा बहाल रहेको वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको,
(ख) आयोगमा अधिकृतस्तरको पदमा कार्यरत रही निर्वाचन सम्बन्धी अनुभव हासिल गरेको,
(ग) निर्वाचन सम्बन्धी तालीममा प्रशिक्षक भई काम गरेका कर्मचारी,
(घ) आयोगले सञ्चालन गरेको ब्रिज तालीमको सहजकर्ता प्रमाणपत्र प्राप्त गरेको,
(ङ) आयोगले सञ्चालन गरेको निर्वाचन शिक्षा स्रोत व्यक्ति विकास सम्बन्धी मुख्य प्रशिक्षणमा सहभागी भएको,
(च) कम्तीमा स्नातक वा सो सरह उत्तीर्ण गरी नेपाल सरकारबाट मान्यता प्राप्त राष्ट्रियस्तरका तालीम प्रदायक संस्थामा कम्तीमा पाँच वर्षको प्रशिक्षण अनुभव हासिल गरेको, वा
(छ) निर्वाचनसम्बन्धी अनुभव तथा विज्ञता हासिल गरेको ।

१२. **प्रदेशस्तरीय प्रशिक्षक छनोट गर्ने आधार :** निर्वाचन सम्बन्धी प्रदेशस्तरीय प्रशिक्षक छनोट गर्दा देहायको कुनै योग्यता भएका मध्येबाट छनौट गर्नु पर्नेछ :-

(क) आयोग वा निर्वाचन कार्यालयमा अधिकृतस्तरको पदमा कार्यरत रहेको वा काम गरेको,
(ख) राष्ट्रियस्तरका निर्वाचनमा प्रदेश वा क्षेत्रीय प्रशिक्षक वा जिल्लास्तरीय प्रशिक्षक भई काम गरेको,
(ग) आयोगले सञ्चालन गरेको ब्रिज तालीममा सहभागी भएको,
(घ) आयोगले सञ्चालन गरेको निर्वाचन शिक्षा स्रोत व्यक्ति विकास सम्बन्धी प्रदेशस्तरीय प्रशिक्षणमा सहभागी भएको, वा
(ङ) निर्वाचनसम्बन्धी अनुभव तथा विज्ञता भएको ।

१३. **जिल्लास्तरीय वा स्थानीयस्तरको प्रशिक्षक छनोट गर्ने आधार :** निर्वाचन सम्बन्धी जिल्लास्तरीय वा स्थानीयस्तरको प्रशिक्षक छनोट गर्दा देहायको कुनै योग्यता भएका मध्येबाट छनौट गर्न सकिनेछ :-

(क) आयोग वा निर्वाचन कार्यालयमा अधिकृतस्तरको पदमा कार्यरत रहेको,
(ख) निर्वाचन वा मतदाता शिक्षा वा मतदाता नामावलीसम्बन्धी कार्यक्रममा जिल्लास्तरीय प्रशिक्षक भई काम गरेको,
(ग) आयोगले सञ्चालन गरेको स्रोतव्यक्ति विकास सम्बन्धी प्रदेश वा जिल्लास्तरीय प्रशिक्षणमा सहभागी भएको,
(घ) ब्रिज सम्बन्धी तालीममा सहभागी भएको,
(ङ) जिल्लास्थित कार्यालयमा अधिकृतस्तरको पदमा कार्यरत रही तालीम सहजीकरणसम्बन्धी ज्ञान, सीप तथा क्षमता भएको,
(च) आयोगबाट सञ्चालित प्रशिक्षक प्रशिक्षणमा सहभागी भएको,
(छ) निर्वाचन सम्बन्धी अनुभव तथा विज्ञता भएको ।

**१४. <u>प्रशिक्षक छनोट प्रक्रिया</u> :** (१) मुख्य प्रशिक्षक प्रशिक्षण तथा प्रदेशस्तरीय तालीमका लागि आवश्यक प्रशिक्षक र सहभागी छनोट तथा तालीम अवधि सम्बन्धी निर्णय निर्वाचन तालीम सञ्चालन तथा व्यवस्थापन समितिले गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचन अधिकृतलाई प्रदान गरिने निर्वाचन सञ्चालन तथा व्यवस्थापन तालीमका प्रशिक्षकको छनोट निर्वाचन तालीम सञ्चालन तथा व्यवस्थापन समितिको सिफारिश बमोजिम निर्वाचन तालीम निर्देशक समितिले गर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम प्रशिक्षक र सहभागी छनोट गर्दा यस परिच्छेदमा उल्लिखित आधार बमोजिम आवश्यक संख्यामा छनोट गर्नुपर्नेछ ।

(४) यस दफा बमोजिम प्रशिक्षक र सहभागी छनोट गर्दा यथासम्भव समावेशी आधारमा गर्नु पर्नेछ ।

## परिच्छेद-५
## <u>अनुगमन, मूल्याङ्कन र प्रतिवेदन</u>

**१५. <u>अनुगमन, मूल्याङ्कन तथा गुणस्तर नियन्त्रण</u>:** (१) केन्द्रीय तथा प्रदेशस्तरमा सञ्चालन हुने तालीम कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन आयोगबाट हुनेछ ।

(२) जिल्लास्तरमा सञ्चालन हुने तालीम कार्यक्रमको अनुगमन प्रदेशस्तरमा संलग्न प्रशिक्षक तथा स्रोत व्यक्ति, आयोगले तोकेका अन्य कर्मचारी तथा जिल्लास्तरीय निर्वाचन तालीम व्यवस्थापन समितिबाट हुनेछ ।

(३) जिल्लास्तरमा सञ्चालन हुने तालीममा तालीमको विषयवस्तु, संवेदनशीलता र आवश्यकताका आधारमा आयोगबाट नै गुणस्तर नियन्त्रकको रुपमा कर्मचारी खटाउन सकिनेछ ।

**१६. <u>प्रतिवेदन</u> :** (१) मुख्य प्रशिक्षक प्रशिक्षण तथा प्रदेशस्तरीय प्रशिक्षण कार्यक्रमको समग्र मूल्याङ्कन र स्रोतव्यक्ति तथा सहभागीहरुको विवरण (रोष्टर) सहितको प्रतिवेदन सम्बन्धित कार्यक्रममा संलग्न हुने स्रोत व्यक्तिको सहयोगमा तालीम कार्यक्रमको व्यवस्थापनमा खटिएको कर्मचारीले तयार पारी आयोगको सचिवालयमा पेश गर्नु पर्नेछ ।

(२) जिल्लास्तर तथा स्थानीयस्तरमा सञ्चालित विभिन्न प्रशिक्षण कार्यक्रमको समग्र मूल्याङ्कन सहितको प्रतिवेदन सम्बन्धित निर्वाचन कार्यालयले आयोगको सचिवालयमा पठाउनु पर्नेछ ।

(३) निर्वाचन शिक्षा तथा तालीम शाखाले समग्र तालिमको प्रतिवेदन निर्वाचन तालीम सञ्चालन तथा व्यवस्थापन समितिमा पेश गर्नेछ र सो समितिले उच्चस्तरीय निर्वाचन तालीम समिति मार्फत आयोग समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद-६
## <u>विविध</u>

**१७. <u>तालीमको विषयवस्तु र विधि समावेशी तथा लैङ्गिकमैत्री हुनुपर्ने</u> :** यस निर्देशिका बमोजिम सञ्चालन गरिने तालीमको विषयवस्तु र विधि समावेशी तथा लैङ्गिकमैत्री हुनु पर्नेछ ।

**१८. <u>तालीम सम्बन्धी बजेट तथा कार्यक्रम</u> : (१)** तालीम सञ्चालन सम्बन्धी बजेट तथा कार्यक्रम आयोगले स्वीकृत गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृत बजेट खर्च गर्ने मापदण्ड निर्वाचन अवधिको हकमा आयोगले स्वीकृत गरेको आर्थिक कार्यविधि बमोजिम र अन्य अवधिको हकमा नेपाल सरकार, अर्थ मन्त्रालयले स्वीकृत गरेको कार्यसञ्चालन निर्देशिका बमोजिम हुनेछ ।

## अनुसूची -१

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

### विषयगत तालीम र अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रममा समावेश गरिनुपर्ने विषयवस्तु

**(क) विषयगत तालीममा समावेश हुने विषयवस्तु**

**१. निर्वाचन र सञ्चार**

१.१ सञ्चार माध्यमका लागि आचारसंहिता
१.२ सञ्चार माध्यमको अनुगमन सम्बन्धी व्यवस्था
१.३ निर्वाचन कार्यक्रम
(क) उम्मेदवारी
(ख) मनोनयन
(ग) दाबी विरोध (उजुरी)
(घ) प्रचारप्रसार
(ङ) मतदान
(च) मतदानप्रक्रिया
(छ) मतगणना
(ज) पर्यवेक्षण र निर्वाचन अनुगमन
(झ) निर्वाचन सूचना र सञ्चारका लागि नीतिगत र संस्थागत व्यवस्था (मिडिया सेन्टर, कल सेन्टर आदि र निर्वाचनमा आमसञ्चार माध्यमको भूमिका )
१.४ लैङ्गिकमैत्री सञ्चार र निर्वाचनका विषयमा समाचार लेखन र प्रस्तुति

**२. निर्वाचन सुरक्षा (चारवटै सुरक्षा निकायका लागि)**

२.१ निर्वाचन आचारसंहिता
२.२ निर्वाचन र सुरक्षा व्यवस्था संयन्त्र
२.३ निर्वाचन विवाद निरुपण व्यवस्था
२.४ निर्वाचन अनुगमन सम्बन्धी व्यवस्था
२.५ संयुक्त निर्वाचन सञ्चालन केन्द्र (Joint Election Operation Center-JEOC) को व्यवस्था
२.६ निर्वाचन आयोग र सुरक्षा निकायबीचको सम्बन्ध तथा समन्वय (केन्द्रीय, प्रदेश, जिल्ला तथा स्थानीयस्तरमा)
२.७ निर्वाचन सुरक्षा व्यवस्थापनमा संलग्न हुने अधिकारीहरु
२.८ सुरक्षा प्रबन्ध र जिम्मेवारी
(क) निर्वाचनमा सुरक्षा दिनुपर्ने व्यक्ति र निकायहरु
(ख) सुरक्षा गर्नुपर्ने क्षेत्र र वर्ग :
(१) मतदान केन्द्र
(२) मतदान सामग्री
(३) घुम्ती (मोबाइल) सुरक्षा व्यवस्था
(४) स्ट्राइकिङ व्यवस्था
(५) हवाई व्यवस्था
(६) जगेडा व्यवस्था
(७) महत्वपूर्ण प्रतिष्ठान वा कार्यालयको सुरक्षा
(८) निर्वाचनमा संलग्न व्यक्ति वा उम्मेदवारको सुरक्षा
(९) सभा, जुलुश र प्रचार प्रसार अभियानमा सुरक्षा
(१०) निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचन कार्यालयको सुरक्षा
२.९ मतदानपूर्वको सुरक्षा व्यवस्था
२.१० मतदानको दिनको सुरक्षा व्यवस्था
२.११ मतदान पश्चात्को सुरक्षा व्यवस्था
२.१२ संकटको समयमा निर्वाचनमा संलग्न व्यक्ति र सामग्रीको सुरक्षित स्थानान्तरण (Rescue)

निर्वाचन आयोग, नेपाल

## ३. निर्वाचन सुरक्षा (प्रमुख जिल्ला अधिकारी र चारवटै सुरक्षा निकायका प्रदेशस्तरका प्रमुखहरुका लागि)

### ३.१. निर्वाचन कार्यक्रम

३.१.१ निर्वाचन अधिकृतको कार्यालय स्थापना
३.१.२ निर्वाचन कार्यक्रम प्रकाशन र सञ्चालन
३.१.३ निर्वाचन प्रचार प्रसार
३.१.४ निर्वाचन प्रचार प्रसार बन्द हुने अवधि
३.१.५ मतदानको दिन

### ३.२. निर्वाचन सुरक्षा

३.२.१ निर्वाचन सुरक्षा व्यवस्थापन संयन्त्र
३.२.२ मतदान पूर्वको सुरक्षा
३.२.३ मतदानको दिनको सुरक्षा
३.२.४ मतदानपश्चातको सुरक्षा
३.२.५ सुरक्षा प्रदान गर्नुपर्ने व्यक्ति, निकाय तथा पदाधिकारी

### ३.३ निर्वाचन व्यवस्थापनका विविध पक्षहरु

३.३.१ मतदान पूर्वका व्यवस्थापकीय कार्य
३.३.२.अस्थायी मतदाताको मतदान व्यवस्थापन
३.३.३ मतदानको दिन यातायात व्यवस्थापन
३.३.४ निर्वाचन आचारसंहिता
३.३.५ नमूना मतदानको डकुमेन्ट्री, श्रव्यदृष्य सामग्री प्रदर्शन

### ३.४ निर्वाचन सुरक्षा व्यवस्थापनमा संलग्न पदाधिकारीको भूमिका

३.४.१ जनशक्ति तथा सामग्री व्यवस्थापन
३.४.२ निर्वाचन शान्ति सुरक्षा
३.४.३ सुरक्षा व्यवस्थापनमा सूचना सङ्कलन
३.४.४ सुरक्षा व्यवस्थापनमा सूचना प्रवाह
३.४.५ सुरक्षा व्यवस्थापनमा सूचना विश्लेषण (विगतका अनुभव समेत समेटिने)
३.४.६ निर्वाचन जोखिम तथा चुनौती विश्लेषण र व्यवस्थापन

निर्वाचन आयोग, नेपाल

## ४. राजनीतिक दल प्रशिक्षण

### ४.१ निर्वाचन व्यवस्थापन

४.१.१ निर्वाचन कार्यक्रम
४.१.२ उम्मेदवारको योग्यता र अयोग्यता
४.१.३ मनोनयनको औपचारिक पत्र र कालोसूची
४.१.४ मनोनयनपत्र, मनोनयन दर्तामा संलग्न गनुपर्ने कागजात
४.१.५ मतपत्रमा निर्वाचन चिन्हहरु

### ४.२ निर्वाचन आचारसंहिता र निर्वाचन खर्च

४.२.१ निर्वाचन आचारसंहिता र राजनीतिक दल तथा उम्मेदवारले पालना गर्नुपर्ने आचरण
४.२.२ निर्वाचन खर्चको सीमा, निर्वाचन प्रचार प्रसार (छुट्टै खाता सञ्चालन, खर्च अधिकारी तोक्ने, निर्वाचन खर्च विवरण पेश गर्ने)

### ४.३ निर्वाचन व्यवस्थापनका विविध पक्षहरु

४.३.१ लैङ्गिक तथा समावेशीता
४.३.२ समग्र निर्वाचन र निर्वाचन व्यवस्थापनको अनुगमन र पर्यवेक्षण
४.३.३ निर्वाचन प्रचार प्रसारमा सामाजिक सञ्जालको प्रयोग

### ४.४ मतदान र मतगणना प्रक्रिया

४.४.१ मतदान र मतगणना प्रक्रिया सम्बन्धी श्रव्यदृश्य सामग्री प्रदर्शन
४.४.२ नमूना मतदान अभ्यास

## ५. निर्वाचन र प्रविधि

**5.1** Integrated Election Information Management System (IEIMS) (Candidate nomination filing, candidate withdrawal registration, Symbol assignment, Vote count, intermediate result, reporting final result, Election observer system, Campaign finance)
**5.2** Election Event Tracking system,
**5.3** Election Mobile Application
**5.4** Voter Pre-enrollment System, BBVRS
**5.5** Use of any other systems and technologies in the election

निर्वाचन आयोग, नेपाल

**६. निर्वाचन सामग्री तथा आर्थिक व्यवस्थापन**

६.१ निर्वाचन सामग्रीको पहिचान र महत्व

६.२ मतदान स्थल, मतदान केन्द्र र सामग्री व्यवस्थापन

६.३ निर्वाचन सामग्री

(क) निर्वाचन सामग्री खरिद तथा प्राप्ति

(ख) निर्वाचन सामग्री रुजु

(ग) सामग्रीको वर्गीकरण र भण्डारण

(घ) सामग्रीको संवेदनशीलता र सञ्चालन तरिका

(ङ) प्याकिङ र वितरण

(च) बरबुझारथ

(छ) अभिलेखीकरण

(ज) धुल्याउने

६.४ सामग्री व्यवस्थापनमा जिम्मेवारी

६.५ निर्वाचन बजेट खर्च तथा निकासा

६.६ आर्थिक कार्यविधिमा भएका मूलभूत व्यवस्था

६.७ प्रतिवेदन तयारी

६.८ लेखापरीक्षण र बेरुजु फछ्र्यौट

निर्वाचन आयोग, नेपाल

**७. निर्वाचन सञ्चालन तथा व्यवस्थापन**
**(मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत र निर्वाचन अधिकारीहरुका लागि)**

७.१ निर्वाचनसम्बन्धी कानुनी व्यवस्था: नेपालको संविधान, ऐन, नियमावलीहरु र निर्देशिकाहरु समेत
७.२ मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालय स्थापना, जनशक्ति व्यवस्थापन, मतदान केन्द्र व्यवस्थापन, मतपत्र व्यवस्थापन र आर्थिक व्यवस्थापन
७.३ निर्वाचन कार्यक्रम (उम्मेदवारी मनोनयनदेखि चिन्ह वितरणसम्म)
७.४ निर्वाचनमा सरोकारवालाहरुको भूमिका
७.५ निर्वाचन आचारसंहिताको पालना, निर्वाचन विवाद निरुपण एवं उजुरी व्यवस्था, निर्वाचनमा सामाजिक सञ्जालको उपयोग र नियमन
७.६ मतदाता शिक्षा कार्यक्रम, निर्वाचन अनुगमन, पर्यवेक्षण तथा संचार व्यवस्था
७.७ निर्वाचन सुरक्षा व्यवस्थापनसम्बन्धी जानकारी
७.८ मतदान कार्यमा संलग्न हुने कर्मचारीहरुको भूमिका र उत्तरदायित्व
७.९ मतदान प्रक्रिया र नमूना मतदानको डकुमेन्ट्री, श्रव्यदृष्य सामग्री प्रदर्शन
७.१० मतगणना व्यवस्थापन
७.११ मतगणनामा संलग्न हुने कर्मचारीहरुको भूमिका र उत्तरदायित्व
७.१२ नमूना मतदान तथा मतगणना अभ्यास, निर्वाचन परिणाम घोषणा
७.१३ निर्वाचनमा प्रविधिको प्रयोग सम्बन्धी जानकारी

**८. मतदाता शिक्षा**
८.१ निर्वाचन प्रणाली तथा प्रक्रिया,
८.२ मतपत्रको परिचय तथा मतपत्रको ढाँचाबारे संक्षिप्त जानकारी,
८.३ मतदानको महत्व तथा मताधिकारको सदुपयोग,
८.४ निर्वाचन कार्यक्रम तथा उम्मेदवार मनोनयन प्रक्रिया,
८.५ मतदान गर्ने सही तरिका र प्रक्रिया,
८.६ नमूना मतदान अभ्यास,
८.७ मतदाता शिक्षा सामग्री तथा यसको उपयोग विधि,
८.८ मतदाता शिक्षा कार्यक्रम तथा कार्ययोजना बारे मतदाता शिक्षा स्वयंसेवकहरुले ध्यान दिनुपर्ने कुराहरु ।

**९. मतदान तथा मतगणना**
९.१ निर्वाचनसम्बन्धी कानुन, निर्देशिकाहरु
९.२ मतदान पूर्वका व्यवस्थापकीय कार्य
९.३ नमूना मतदानको डकुमेन्ट्री प्रर्दशन
९.४ मतदान प्रक्रिया तथा नमूना मतदान अभ्यास
९.५ मतदानमा संलग्न हुने कर्मचारीको भूमिका तथा उत्तरदायित्व
९.६ मतदानसँग सम्बन्धित फारमहरु
९.७ मतगणना प्रक्रिया

**(ख) अभिमुखीकरण तथा अन्तरक्रिया कार्यकममा समावेश हुने विषयवस्तु**
१.१ निर्वाचनसँग सम्बन्धित ऐन, नियम, निर्देशिका, कार्यविधि र आचारसंहिता
१.२ निर्वाचन सम्बन्धी जानकारी (मतदान र मतगणना)
१.३ निर्वाचन प्रक्रियामा सरोकारवालाहरुको भूमिका तथा जिम्मेवारी
१.४ निर्वाचनमा सामाजिक सञ्जालको उपयोग तथा नियमन
१.५ निर्वाचन खर्च

**अनुसूची -२**

तालीम सञ्चालनका लागि अपनाइने नवीनतम सिकाइ पद्धति

१. श्रव्यदृश्य सामग्री प्रदर्शन
२. सिमुलेसन विधि
३. भूमिका अभिनय
४. व्यवहारिक अभ्यास (जस्तैः फारम भराउने)
५. भिडियो कन्फरेन्स
६. अनलाइन प्रस्तुती
७. एनिमेशन भिडियो प्रस्तुती

निर्वाचन आयोग, नेपाल